**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १६ फरवरी २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- भारत एआई इम्पैक्ट सम्मेलन-2026 नयाँ दिल्लीमा शुरू भएको छ।

- निर्वाचन आयोगले पश्चिम बंगालमा अनियमितताहरुको अनेक आरोपहरुमा सात सहायक निर्वाचन पंजीकरण अधिकारीहरुलाई निलंबित गरेको छ।

- सांसद राजु बिष्टले बंगालका युवाहरूले रोजगारीको माग गरिरहेको तर , टीएमसी सरकारले "बेरोजगारी भत्ता" को रूपमा ₹१५०० प्रदान गरिरहेको बताउनु भयो।

- मार्क्सवादी कम्युनिष्ट पार्टी माकपाले पैह्रो पीड़ित परिवारको घर निर्माण कार्य थालेको छ।

- मिरिकस्थित सौरैनीको मनकामेश्वर शिवालय परिसरमा आयोजित सप्त दिवसीय हरिहरात्मक श्रीमद् भागवत यज्ञको समापन आज भएको छ।

**भारत ए.आई इम्पैक्ट सम्मेलन**

भारत एआई इम्पैक्ट सम्मेलन-2026 नयाँ दिल्लीमा शुरू भएको छ। पांच दिने यस सम्मेलन कुनै विकासशील देशमा आयोजित हुने यो पहिलो वैश्विक एआई शिखर सम्मेलन हो। यो सम्मेलन वैश्विक एआई कार्ययोजनामा भारतको भूमिकालाई मजबूत गर्ने महत्वपूर्ण मंच हो। भारतलाई वैश्विक एआई सहयोगमा संयोजक अनि भागीदारको रूपमा पनि यसले स्थापित गर्नेछ, जो सार्वजनिक हितका लागि साझा मानकहरु, सहयोगी ढांचा अनि समाधानहरुलाई समर्थन गर्दछ। सम्मेलनमा सय भन्दा अधिक देशहरुलाई निमंत्रण दिइएको छ अनि दुई लाखभन्दा अधिकले पंजीकरण गराएको छ। बीस देशहरुको वैश्विक नेताहरुको सम्मेलनमा भाग लिने कार्यक्रम छ। जसमा फ्रांसका राष्ट्रपति इमैनुअल मैक्रों, ब्राजीलका राष्ट्रपति लुईस इनैसियो लूला द सिल्वा, स्पेनका राष्ट्रपति पेड्रो सैंचेज़ पैरेज़ कास्टज़ोन, स्विटजरलैण्डका राष्ट्रपति गे. पार्मेलन, नीदरलैण्डका प्रधानमंत्री डिक स्कूफ, संयुक्त अरब अमीरातका क्राउन प्रिंस शेख खालिद बिन मोहम्मद बिन ज़ायद अल नाहियान, मॉरीशसका प्रधानमंत्री डॉ. नवीन चन्द्र रामगुलम, श्रीलंकाका राष्ट्रपति अनुराकुमारा दिसानायके, सेशेल्सका उपराष्ट्रपति सेबेस्टियन पिल्ले अनि भूटानका प्रधानमंत्री त्शेरिंग तोबगे सामेल छन्।

**पश्चिम बंगाल - निर्वाचन आयोग - अनुशासनात्मक कार्रवाई**

निर्वाचन आयोगले पश्चिम बंगालमा अनियमितताहरुको अनेक आरोपहरुमा सात सहायक निर्वाचन पंजीकरण अधिकारीहरुलाई निलंबित गरेको छ। कैनिंग पुरबाबाट दुई अनि सूती, मैनागुरी, शमशेरगंज, देबरा अनि फरक्का निर्वाचन क्षेत्रबाट एक-एक अधिकारीलाई निलंबित गरेको छ। आयोगले निर्देश दिएको छ निलंबित अधिकारिहरु बिरुद्ध अनुशासनात्मक कार्यवाही तत्काल शुरू गरियोस अनि यस संबंधमा आयोगलाई सूचित गरियोस। यस संबंधमा राज्यका मुख्य सचिवलाई पत्र लेखिएको छ।

पत्रमा स्पष्ट रूपले भनिएको छ, मतदाता सूचीको गहन पुनिरीक्षण-एसआईआर प्रक्रियामा सामेल यी अधिकारीहरुको गंभीर कदाचार, कर्तव्यको उपेक्षा अनि वैधानिक अधिकारको दुरुपयोगको प्रमाण पाइएको छ। यसै बीच, सर्वोच्च न्यायालयले जारी गरेको 9 फरवरीको निर्देश अनुपालनमा, निर्वाचन आयोगले एसआईआर प्रक्रियासित संबंधित सबै आपत्तिहरुको संबंधमा कडा संदेश जारी गरेको छ। राज्यको मुख्य निर्वाचन अधिकारीलाई लेखिएको एक अलग पत्रमा भनिएको छ, प्रस्तुत गरिएको सबै फॉर्म-7 लाई तुरंत संबंधित ईआरओ अनि एईआरओलाई पठाइनु पर्नेछ। प्रत्येक आपत्तिको समाधान कानून अनुसार कडाईका साथ गरिनु पर्नेछ।

**अमित मालवीय**

भारतीय जनता पार्टीका आईटी सेल प्रमुख अमित मालवीयले हिज एक्समा पोस्ट गर्दै भन्नुभयो, सुप्रीम कोर्टको नौ फरवरी 2026 को आदेशको अनुपालनमा चुनाव आयोगको ताज़ा निर्देश पश्चिम बंगालमा मतदाता सूचीको पारदर्शिता अनि शुद्धता सुनिश्चित गर्ने दिशामा एक अहम कदम हो।
उहाँले भन्नुभयो चुनाव आयोगले निर्देश दिएको छ, हालसम्म प्राप्त सबै फॉर्म-7 आपत्तिहरु, चाहे त्यो पहिले अस्वीकृत भएको होस्, 16 फरवरी 2026 सम्म संबंधित ईआरओ/एईआरओ लाई पठाइएको छ अनि सबै दाबी अनि आपत्तिहरुको समाधान तय समयसीमामा वैधानिक प्रक्रिया अनुसार गरियोस।

उहाँले राज्यकी मुख्यमंत्री ममता बनर्जीलाई राज्य प्रशासन दुरुपयोग गरेको अनि यसको परिणाम जूनियर अधिकारिहरुले भोग्न परेको आरोप लगाउनु भयो।

उहाँले भन्नुभयो भारतको लोकतंत्र अनि संविधान सर्वोपरि हो, कानूनको राज कायम रहने छ अनि पश्चिम बंगाल असल शासनको हकदार छ।

**मुख्यमंत्री ममता बनर्जी**

राज्यकी मुख्यमंत्री ममता बनर्जीले आज सोशल मीडिया प्लेटफॉर्म एक्समा विश्वविख्यात वैज्ञानिक अनि बंगालका गौरव डॉ. मेघनाद साहाको पुण्यतिथिमा  श्रद्धांजलि अर्पित गर्नुभयो।
मुख्यमंत्रीले आफ्नो पोस्टमा लेख्नु भयो, डॉ. मेघनाद साहा केवल एक महान वैज्ञानिक होइन तर बंगालको कृतज्ञ अनि गौरवशाली सपूत पनि थिए। उहाँले विज्ञानको क्षेत्रमा दिनुभएको अमूल्य योगदानलाई देश अनि बिस्वले सदैव याद राख्नेछ। मुख्यमन्त्रीले भन्नुभयो, डॉ. साहाको जीवन अनि कार्य आउने पीढ़िका लागि प्रेरणास्रोत हो अनि उहाँको योगदान भारतीय विज्ञानको इतिहासमा स्वर्ण अक्षरहरुले अंकित छ।

**युवासाथी योजना**

राज्यमा विधानसभा चुनाव अघि शुरू भएको युवासाथी योजनालाई राजनीतिक क्षेत्रमा मुख्यमंत्रीको मास्टरस्ट्रोक मानिंदै छ । राज्यका युवाहरु बीच यस योजनालाई लिएर उत्साह देखिएको छ | हिजदेखि राज्य सरकारले स्वनिर्भर बांग्ला शिविरको माध्यमले युवासाथी योजना अन्तर्गत नामांकनको प्रक्रिया शुरू गरेको छ भने आज पनि नामांकन प्रक्रिया बिहानदेखि शुरु भएको छ।

*BYTE*

*युवासाथी बाहेक यी शिविरहरुमा लक्ष्मी भंडार, भूमिहीन कृषि श्रमिकहरुको आर्थिक सहायता अनि कृषि क्षेत्रमा बिजुली बिल माफी जस्ता योजनाहरुका लागि पनि आवेदन लिइन्दै छ। नवान्न सूत्रबाट प्राप्त जानकारी अनुसार, शिविरको पहिलो दिन हिज चार योजनाहरु मिलाएर कुल छ लाखभन्दा अधिक आवेदन जमा भएको छ। जसमा 90 प्रतिशतभन्दा अधिक आवेदन केवल युवासाथी योजनाका लागि थियो। अर्थात् पहिलो दिन नै युवासाथीमा लगभग पांच लाख आवेदन दर्ता गरिएको छ।*

*युवासाथी योजना अन्तर्गत राज्य सरकारले बेरोजगार युवक-युवतिहरुलाई हरेक महीना 1500 रुपियाको आर्थिक सहायता प्रदान गर्नेछ। मुख्यमंत्री ममता बनर्जीले यो राशि अप्रैल महीना देखि सीधा लाभार्थिहरुको बैंक खातामा जम्मा हुन शुरू हुने स्पस्ट पर्नुभएको छ ।*

*21 देखि 40 वर्ष उमेर समूहका बेरोजगार युवाहरूलाई प्रति महिना 1500 रुपैयाँ भत्ता दिने यो योजनाको निम्ति रैजिस्ट्रेशन दार्जीलिङ अनि कालेबुङ जिल्लामा पनि शुरु भयो। दार्जीलिङ नगरपालिका क्षेत्रको निम्ति क्यापिटल हलमा शिविर संचालन भईरहेको जानकारी नगरपालिका अध्यक्ष दिपेन ठकुरीले दिनुभएको छ। यसै गरी खरसाङमा महकुमा शासक कार्यालय नजिक अवस्थित रहेको स्नोभ्यू बिल्डिङमा शिविरको आयोजना आरम्भ गरिएको छ| कालेबुङका एडीएम (डी) सुदिप्ता दासले जिल्लाका सबै खण्ड तथा नगरपालिका क्षेत्रमा शिविर सञ्चालन भइरहेको जानकारी दिनुभयो। यसका साथै सिलगढ़ीमा सिलगढ़ी नगरनिगम इलाकाको सातवटा स्थानमा यो शिविर चलिरहेको छ।यता रिम्बिक लोधोमा समष्टिका सभासद नोर्देन शेर्पाले पनि युवा साथी योजनालाई स्वागत गर्दै लाभार्थीहरुको सहजताका निम्ति क्षेत्रका सबै ग्राम पंचायतहरुले युवा साथी फर्म भर्नका निम्ति पञ्चायत स्तरीय हेल्प डेस्क शुरू गर्ने निर्देशन दिएका छन्।*

## सांसद बिष्ट

दार्जीलिङका लोकसभा संसाद राजु बिष्टले आज एक प्रेस बिज्ञप्ति जारी गर्दै सेभोक रेलवे स्टेशनबाट पहिलो लामो दूरीको रेल, सिक्किम महानन्द एक्सप्रेस शुरु भएको जानकारी दिनु भएको छ। बिज्ञप्तिमा यस ट्रेन सेभोक रेलवे स्टेशनबाट गुड्ने पहिलो लामो दूरीको रेल रहेको बताइएको छ। यो रेलले अलिपुरद्वारलाई सिधै दिल्लीसँग जोड्नेछ। यसले सेभोक, कालिझोरा, लोहापुल, लाटपञ्चर, सितोङ, रम्बी, टिस्टा, लोप्चु, पेशोक, टिस्टा उपत्यका, कालिम्पोङ, डुवर्स र सिक्किमका मानिसहरूलाई ठूलो फाइदा पुऱ्याउने थाहा लागेको छ।

बिज्ञप्तिमा सेभोक अब प्रमुख विकास गतिविधिहरूको केन्द्र बनेको पनि बताइएको छ। यस अवसरमा सांसदले प्रधानमन्त्री नरेन्द्र मोदी, रेलमन्त्री श्री अश्विनी वैष्णव, र पूर्वोत्तर सीमान्त रेलवे, र यस क्षेत्रका सचेत र सचेत जनतालाई हार्दिक आभार व्यक्त गर्नुभएको छ।

## "चाक्री चाई बंगाल"

दार्जीलिंगका लोकसभा सांसद राजु बिष्ट आज सिलिगुडीमा BJYM द्वारा आयोजित "चाक्री चाई बंगाल" विरोध प्रदर्शनमा सामेल हुनुभएको छ । क्षेत्रभरका हजारौं युवाहरूले ऱ्यालीमा भाग लिएका थिए र "रोजगारको माग गरेका थिए। श्री बिष्टले मुख्यमन्त्री ममता बनर्जीको नेतृत्वमा रहेको तृणमूल कांग्रेसको नेतृत्वमा, पश्चिम बंगालले आर्थिक विपत्तिको सामना गरिरहेको बताउनुभयो। उहाँले राज्यमा आर्थिक अवसरहरूको अभावका कारण लाखौं युवाहरू पलायन हुन बाध्य बनेको बताउनु भयो। यसबाहेक, सबै सरकारी पदहरूको भर्तीमा घोटाला - एसएससी, सीएससी, शिक्षक भर्ती, समूह सी, समूह डी भर्ती, नगरपालिका भर्ती, चिकित्सा भर्ती सबै क्षेत्रमा सिन्डिकेट राज 'टीएमसी सरकारको पहिचान बनेको सांसदले बताउनुभयो। उहाँले भन्नुभयो, यो केवल भ्रष्टाचार मात्र होइन तर बंगालका युवाहरूसँगको विश्वासघात पनि हो। उहाँले बंगालका युवाहरूले रोजगारीको माग गरिरहेका छन् तर , टीएमसी सरकारले चुनाव अगाडि उनीहरूलाई "बेरोजगारी भत्ता" को रूपमा ₹१५०० प्रदान गरिरहेको बताउनु भयो। यसको विपरित, भाजपाले बंगाललाई औद्योगिक शक्तिगृहको रूपमा पुनर्निर्माण गर्ने, लगानी ल्याउने र पारदर्शी भर्ती प्रणाली स्थापना गर्ने वाचा गरेको पनि श्री बिष्टले बताउनुभयो।

## माकपाद्वारा घर निर्माण कार्य

मार्क्सवादी कम्युनिष्ट पार्टी माकपाले पैह्रो पीड़ित परिवारको घर निर्माण कार्य थालेको छ। सोमवार घर निर्माण कार्यको थालनी गर्दै मिरिक निगाले फाटक नजीक भूमि पूजन साथै शिलान्यास गरियो। गत ४ अक्टोबरको विनाशकारी पैहेले घरविहीन बनेका थर्बु नन्दलाल गाँउका रानु राई, जपुन राई अनि नौ माइलका अनु तामाङको घर निर्माणका लागि माकपा नेता एवं पूर्व राज्यसभा सांसद समन पाठकले भूमि पूजन गरेर घर निर्माणका लागि आधारशीला राख्नु भयो। यस अवधि क्षेत्रका माकपा नेताहरू

सचिन खाती, किस्मत तामाङ, सुवर्ण राई लगायत स्थानीय मानिस तथा पीडित परिवारका सदस्यहरूको उपस्थिति थियो।

*BYTE*

*उल्लेखनीय छ, माकपाले पहाडका सात पैह्रो पीडित परिवारको घर निर्माण गर्ने जमर्को कसेको छ, जसमा तीनवटा घर मिरिकमा निर्माण गरिँदैछ। घर निर्माणका लागि टिनको छानो, सिमेन्ट, गिटी, बालुवा लगायतका आवश्यक सामग्रीहरू पीडितहरूका घर निर्माण हुने ठाँउमा पुऱ्याइसकेको माकपा नेताहरूले बताएका छन्। अर्कोतिर, पैह्रो पीडितहरू क्रमैल रानु राई, जपुन राई अनि अनु तामाङले माकपाले आफूहरूको घर निर्माणतर्फ पहल गरिदिएकोमा खुशी व्यक्त गर्दै माकपाप्रति आभार प्रकट गरेका छन्। माकपा नेताहरूले आफूहरूलाई राहत शिविरमा बस्दादेखि नै सहयोग पुऱ्याउँदै आइरहेको पनि तिनीहरूले बताएका छन्।*

*सोमबार भूमिपूजा गरेपछि घर निर्माणका कार्य थालिएको जनाउँदै एक महिनाभित्रमा पैह्रो पीड़ितहरूका घर निर्माण गरिसक्ने लक्ष्य राखिएको माकपा नेता समन पाठकले बताउनु भएको छ।*

**यज्ञको समापन**

मिरिकस्थित सौरेनीको मनकामेश्वर शिवालय परिसरमा आयोजित सप्त दिवसीय हरिहरात्मक श्रीमद् भागवत यज्ञको समापन आज भएको छ। समारोह गत 9 फरवरीदेखि शुरु भएको थियो। जसमा प्रमुख व्यास तथा कथा वाचिकाको रूपमा चर्चित कथा वाचिका राधिका दासीको प्रमुख उपस्थिति रहेको थियो। यज्ञको अन्तिम दिन विविध धार्मिक अनुष्ठानहरु आयोजित भएको थियो। समापनपछि आयोजक समितिले सबै भक्तजन अनि सहयोगीहरुप्रति आभार जताएका छन।

**गोल्डकपको फाइनल**

मरमा युनाइटेडको आयोजनामा मरमा खेल मैदानमा जारी स्वर्गीय गिदोन थुलुङ गोल्डकप एवं नगद राशी फुटबल प्रतियोगिताको फाइनलमा मिरिक बस्ती युनाइटेड अनि कृष्ण सेभेनमाझ भिडन्त हुने निश्चित भएको छ। हिज सम्पन्न दोस्रो सेमी फाइनलमा मिरिक बस्ती युनाइटेडले प्लेयिङ सेभेन नेपाललाई शुन्यको विरूद्ध दुई गोल गर्दै फाइनलमा प्रवेश गरेको छ। खेल समारोहमा मिरिक महकुमा पुलिस अधिक्षक आइपीएस बिनोद कुमार मिना प्रमुख रूपमा उपस्थित थिए भने सभासद तथा मरमा युनाइटेडका प्रमुख संरक्षण मिलेश राईको विशेष उपस्थिति रहेको थियो। प्रथम हाफको खेलमा मिरिक बस्ती युनाइटेडको पक्षबाट नेपालका राष्ट्रिय खेलाडी एरोन थापाले दुइ गोल गर्दै टोलीलाई बिजयी बनाएको हो। फाइनल आगामी २२ फरवरीको दिन सम्पन्न हुने छ।

**भारत-अमरीका व्यापार - कृषि**

भारत-अमरीका द्विपक्षीय व्यापार समझौताले भारतका किसानहरु अनि घरेलू उत्पादकहरुको हित रक्षाका लागि मजबूत सुरक्षा उपाय सुनिश्चित गरिनेछ। यो समझौता दुई देश बीच व्यापार संबंधहरुमा एक महत्वपूर्ण बदलावको प्रतीक हो।
यस समझौताले धेरै कृषि अनि प्रसंस्कृत खाद्य उत्पादहरुमा शुल्क छूटको माध्यमले निर्यातको अवसर बढ़ने छ। भारत अमरीका कृषि व्यापार वर्तमानमा 1 अरब 30 करोड़ डॉलरभन्दा अधिक छ । आशा गरिएको छ, यो समझौता उन्नत बजार पहुंच अनि शुल्क स्थिरता प्रदान गरी एक शुद्ध कृषि निर्यातकको रूपमा भारतको स्थितिलाई अधिक मजबूत गर्नेछ।

**अनिवार्य घोषणा**

आकाशवाणीको समाचार सेवा प्रभागले आज राती साढे नौ बजे फोन-इन कार्यक्रम **"पब्लिक स्पीक"** मा **'परीक्षाको दबाव अनि तनावसित जुझ्ने तरीका'** विषयमा चर्चा प्रसारित गर्नेछ। चर्चामा सफदरजंग अस्पतालको मानसिक रोग विभागका डॉक्टर मंजूश्री गुप्ता अनि केंद्रीय माध्यमिक शिक्षा बोर्डका संयुक्त सचिव श्वेता अरोड़ाले भाग लिनेछ।

कार्यक्रम अवधि श्रोताहरुले विशेषज्ञहरुसित यस विषयसित संबंधित प्रश्न सोध्नका लागि टेलिफोन नंबर 0 1 1 - 2 3 3 1 0 4 8 1, 0 1 1 - 2 3 7 1 7 1 1 7, 0 1 1 - 2 3 7 1 7 1 0 6 अनि 0 1 1 - 2 3 3 1 4 4 4 4. मा कॉल गर्न सक्ने छन्। व्हाट्सएप नंबर 9 2 8 - 9 0 9 - 4 0 4 4 मा पनि प्रश्न सोध्न सक्ने छ। **हैशटैग आस्क-ए.आई.आर.को** साथ सोशल मीडिया प्लेटफॉर्म **एक्स** मा पनि प्रश्न पोस्ट गर्न सक्ने छ।

**********